सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापनमा विशेष छुट**

दसैं, दिपावली र छठ पर्वको अवसरमा विशेष छुटमा यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो व्यापार, व्यसाय लगायत कुनै पनि चिजको विज्ञापन गराई फाइदा उठाउनु होस् ।

सम्पर्क नं.: ९८४४०२५१८४, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक ४६ ♦ २०८० साल कार्तिक २ गते विहिवार ♦ 19 Oct 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## बर्दिबासलाई दुर्गम भेग जोड्ने ग्रामीण सडक अन्तर्गत हात्तीमारा पुल निर्माण हुने





बर्दिबासलाई दुर्गम भेग जोड्ने ग्रामीण सडक अन्तर्गत हात्तीमारा पुल निर्माण हुने भएको छ।

बर्दिबास नगरपालिकाको वडा नं. ३ र ४ जोड्ने हात्तीमारा खोलामा पक्की पुल निर्माण हुने भएका हो ।

पुल निर्माणको लागि मंगलवार बर्दिवास नगर प्रमुख प्रह्लाद क्षेत्री, वडाध्यक्ष द्वय विराट विष्ट र विजयकुमार महतोले शिलान्यास गरेका छन् ।

३५ मिटर लम्बाइ र ६ मिटर चौडाइ रहेको चार वटा पिलर रहने यस पुलको बर्दिबास नगरपालिकाको आन्तरिक स्रोतबाट निर्माण हुने नगर प्रमुख क्षेत्री बताए । नगरपालिकाले ९० लाख विनियोजन गरी पुल निर्माण यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य सहित काम अगाडि बढाइएको प्रमुख क्षेत्रीले बताए ।

प्रमुख क्षेत्रीले भने, 'गाउँलेको समस्या र आवश्यकताको आधार मा विकास निर्माण गर्ने लक्ष्य अनुसार नगरपालिकाको आन्तरिक स्रोतबाट यो पुल निर्माण गर्न लागेका हौं।'

हात्तीमारामा पुल नहुँदा बर्दिबास नगरको सुदूर उत्तरी चुरे भेगका वडा नं. ३ र ४ का एक दर्जन गाउँका बासिन्दालाई समस्या रहेको छ । वर्षातको मौसममा खोलामा बाढी आउँदा नगर संग सम्पर्क विहिन बन्ने गरेको स्थानीयले बताए । खोला सुक्दा भासिने बालुवाका कारण आकस्मिक सेवाका एम्बुलेन्स पनि गाउँमा आउन नसक्ने खोलाको कारण यातायात समेत नचल्ने भएको हुँदा खोला पारिका कतिपयले अकालमा ज्यान गुमाउनुपरेको स्थानीयले बताए। राइमण्डल भवसी गाउँका केशरबहादुर गुर्मछानेका अनुसार दुई वर्षअघि गाउँमा चार वर्षीय बालकलाई वर्षाको बेला सर्पले टोक्यो। उपचारका लागि झोलुङ्गोमा बोकेर १० किमी टाढा पर्ने बर्दीबास तिर ल्याउँदा यही खोलामा बाढी आएकाले तर्न सकिएन। बाढी घट्ने प्रतीक्षा गर्दा खोला किनारमै बालकको प्राण गएको उनले बताए। 'खोलो नआएको भए त्यो नानी बाँच्ने थियो'। बाढी घट्ला भन्दाभन्दै झुलुङ्गोमै ज्यान गयो', उनले बताए।

छिमेकी गाउँ रातमाटाकी ४० वर्षीया मीना पोखरेल यही खोलाका कारण आफ्नी आमाजस्ती सासूको अकालमा मृत्यु भएको बताए। पखाला लागेकी उनकी सासूलाई लुगाको झोलुङ्गोमा बोकेर उपचारका लागि बर्दिबासतिर ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको थियो, 'पुल भएको भए सामान्य बिमारीबाट ज्यान जाने थिएन होला' पुल बन्ने खबरले शिलान्यास स्थल पुगेकी मीनाले भावना पोखिन, 'यो पुल हामी गाउँलेको सपना हो।' -खबर दर्पण समाचारदाता

## एमाले मधेश प्रदेश अधिबेशनको बैधतामाथी प्रश्न नै प्रश्न

**अजयकुमार साह र बिशाल बस्नेत**

नेकपा एमाले मधेश प्रदेश अधिबेशनको बैधतामाथी प्रश्न नै प्रश्न उठेका छन ।

गत असोज २५ र २६ गते भएको अधिबेशनलाई लिएर पाटीभित्रैका जिम्मेवार नेताहरुले विधि र प्रक्रियाको विषयमा प्रश्न उठाएका हुन ।

नेकपा एमालेको प्रथम मधेस प्रदेश अधिवेशनको क्रममा पाँच पदाधिकारी सहित २३५ सदस्यीय समिति चयन गर्नको लागि निर्वाचन कार्यतालिका सार्वजनिक गरिएको थियो ।

निर्वाचन कमिटीले सार्वजनिक गरेको कार्यतालिका अनुसार बिहीबार साँझ साढे ५ बजे मतदाता नामावली प्रकाशन, साँझ ८ बजे मतदाताको अन्तिम नामावली प्रकाशन हुने र राती ९ देखि ११ बजेसम्म उम्मेदवारी दर्ता, दाबी विरोधपछि उम्मेदवारको अन्तिम नामावली २६ गते विहान १० बजे प्रकाशन गर्ने र २६ गते शुक्रबार ११ बजेदेखि मतदान गर्ने समय तोकिएको थियो ।

यो सब बाहिर देखाउनको लागि रचिएको नाटक थियो । आन्तरिक रुपमा केहि मुख्य नेताहरुले पदाधिकारी बाहेकका पदमा मात्र मनोनयन दर्ता गर्न पाइने भनेर उर्दी जारी गरे ।

यद्यपी २३० सदस्य पदको लागि ४ सय बढी ले उम्मेदवारी दर्ता गराए । यता पदाधिकारीका आकांक्षीहरुलाई उम्मेदवारी दर्ताबाट बन्देज लगाइएको थियो । कारण अध्यक्ष, उपाध्यक्ष, सचिव र २ जना उपसचिव को लागि केन्द्रिय नेता तथा पोलिट ब्युरो सदस्यहरुले भागबन्डामा तय गर्ने आन्तरिक तयारी गरिएको थियो । जसमा मधेस प्रदेश इन्चार्ज तथा केन्द्रिय सचिव योगेश भट्टराई निकट पोलिट ब्युरो सस्दय लिला श्रेष्ठले




अध्यक्ष, केन्द्रिय सचिव रघुबिर महासेठले उपाध्यक्ष, पोलिट ब्युरो सदस्य पुरुषोत्तम पौडेलले सचिव, निवर्तमान मधेस प्रदेश सहइन्चार्ज रेवती पन्तले एक उपसचिव र पोलिट ब्युरो सदस्य जुली महतोले एक उपसचिव लिने गरि भागबन्डा मिलाएको एमाले भित्र कै नेताहरुको दाबि रहेको छ।

बुधवार देखि सुरु भएको अधिवेशनमा शुक्रबार बिहानदेखिको कसरतपछि महासेठ र श्रेष्ठ समूहबाट बाँडफाँटका आधारमा पदाधिकारीहरू सर्वसम्मत भएका हुन् । यो सहमतिमा अध्यक्ष केपी शर्मा ओलीले पनि सहमत जनाएको स्रोतको भनाइ छ ।

यसरी गरिएको भागबन्डा अनुसार चन्देश्वर मण्डल पार्टी केन्द्रीय सचिव एवं मधेश इन्चार्ज योगेश भट्टराई नजिकका पोलिटब्यूरो सदस्य लीलानाथ श्रेष्ठ समूहबाट, महासेठ समूहबाट अर्का अध्यक्ष दाबेदार विचारी यादवले सहमतिमा उपाध्यक्ष, सचिवका उम्मेदवार मनोज पौडेल पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेल, उपसचिव आरती भण्डारी निवर्तमान मधेश सहइन्चार्ज रेवती पन्त र मोहम्मद कैस पोलिब्युरो सदस्य जुली महतो निकट रहेको एमाले भित्र कै नेताहरुको दाबि छ ।

असन्तुष्ट पक्षहरुले नेताहरुले आफ्नो एस म्यान र चाकडी चापलुसी गर्नेहरुलाई पद दिएको आरोप समेत लगाएका छन् ।

राम्रा, बुझ्ने र राजनीतिक सुझबुझ भएका कार्यकर्ताहरुलाई अगाडि नबढ्न दिने षडयन्त्र अन्तर्गत मधेस प्रदेशका नेतृत्व चयन गरिएको एमाले निकट धेरैजसो नेताहरु समाजिक संजाल मार्फत नै असन्तुष्टी जाहेर गरेका छन्।

त्यसैगरी सदस्यहरुमा समेत आफ्ना नजिक रहेकाहरुलाई यी नेताहरुको सिफारिसमा छनौट गरिने सहमती भएअनुसार गरिएको आरोप छ।

लोकतान्त्रिक प्रकृया पद्धतीको धज्जिया उडाउँदै पहिले आकांक्षीहरुलाई ५ पदाधिकारीको लागि उम्मेदवारीबाट बञ्चित

*बाँकी पृष्ठ २ मा*

# एमाले मधेश प्रदेश अधिबेशनको.................

गराइयो र सदस्य पदमा ४ सय बढीले उम्मेदवारी दिएकाहरु मध्ये कसैको उम्मेदवारी पनि फिर्ता नगर्न लगाई सिधै आफू खुशी लिस्ट जारी गरेर २३० सदस्यहरुलाई सर्बसम्मत निर्वाचित घोषणा गरिएको आरोप निवर्तमान प्रचार विभाग प्रमुख सोमप्रसाद शर्माले लगाए। उनले आफू पनि सचिव पदको आकांक्षी रहेकामा प्रकृयामा नै प्रवेश गर्न नदिएर घेरा बन्दी गरिएको आरोप समेत लगाए।

शर्माले समाजिक संजाल फेसबुकमा स्टाटस ने लेखेर असन्तुष्टी पोखेका छन्। उनले समाजिक संजालमा 'हाम्रो गौरवशाली पार्टी नेकपा (एमाले )मधेश प्रदेशको प्रथम अधिवेशन उत्साहजनक रुपले संचालन भयो ,यश क्रममा विविध आरोहहरुका वावजुद नेतृत्वको समझदारीमा कुशल वैचारिक नेता कमरेड चन्देश्वर मण्डल अध्यक्ष रहने गरी उहाँको नेतृत्वमा कमिटी छनौट भएको छ,उहाँ लगायत छनौट हुनुहुने सम्पूर्ण सदस्य तथा पदाधिकारी कमरेड हरुलाइ हार्दिक बधाई भन्न चाहन्छु। यश कमिटीले पार्टीले खाचो महशुस गरेको राजनीतिक तथा बैचारिक स्खलन,सांगठनिक अराजकता र नेताहरू बिच झागिदै गएको समुहगत संक्रिणतालाई परास्त गर्दै विधि संगत ढंगले पार्टी परिचालन गर्ने नीति तर्जुमा गरि क्षमता ,योगदान र कार्यकर्ताले निर्वाह गरेको भुमिकाका आधारमा जिम्मेवारी दिने परम्पराको विकास गर्न सकोस् ।अधिवेशनले बेवास्ता गरेको र नेतृत्वले अधिवेशन प्रतिनिधिहरुलाई बन्द सत्रमा गर्न नसकेको अनुशिक्षण ,प्रशिक्षण ,नीतिगत पक्ष ,नेतृत्व छनौट गर्दा पुर्वघोषित मिसन ग्रासरुटमा परिचालित नेता कार्यकर्ताहरुको मुल्यांकनका विषय कमिटीहरुमा गहन समिक्षाका विषयहरु हुन् । यी यावत् पक्ष सगं अन्तरघुलन जरुरी छ। सतही रुपमा हामी अघि बढ्न सक्दैनौं हामी वर्गीय आंदोलनले स्थापित गरेको दल हौ ,सामन्तहरु हाम्रा वर्ग सत्रु हुन् । यसर्थ माक्सवादी दृष्टिकोण र जनताको बहुदलीय जनवाद मार्गदर्शक सिद्धान्त हो । हामी बहुदलीय प्रतिस्पर्धामा छौं । अवको अपरिहार्यता जनताको बीचमा स्थापित र संभावनायुक्त वैचारिक नेतृत्व हो ।अन्यथा हामी पछुताउनु वाहेक बिकल्प नदेखिन सक्दछ । यस दिशातर्फ हाम्रो ध्यान जान जरुरी छ। हामी भुइँ मान्छेहरु यहाँहरुका राम्रा कामहरुको प्रोत्साहन ,पृष्ठपोषण दिन चुक्ने छैनौ। तथापि पार्टीले परिकल्पना गरेको घोषित लक्ष्य मिसन २०८४ लाई सार्थक तुल्याउन नेतृत्व सफल बनोस् ।'

घोषणापत्र तयार गरेर गुपचुप राखेको, अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव बाहेक अन्य सदस्यहरूमा आफूखुसी गरेको जस्ता आरोपहरू अहिले सतहमा देखिएका छन् ।

जिम्मेवार नेताहरूले सदस्यहरूको बैधतामाथी प्रश्न उठाएपछि मधेशमा एमालेभित्रको आन्तरिक विवाद छताछुल्ल भएको छ ।

'न प्रतिवेदन प्रस्तुत गरिएको छ, न आन्तरिक छलफलमा नेताहरूलाई सहभागी गराइएको छ।' एक जना पूर्व मधेश प्रदेश कमिटी सदस्यले भने, 'सबैजनालाई घर पठाई केही नेताहरु बसेर सदस्यहरु टुंग्याए रे भन्ने सुनेको छु ।'

पानीभित्रका इमानदार र जिम्मेवार नेताहरूलाई पाखा लगाई शीर्ष नेताहरूको नजिक र चाप्लुसी गर्नेहरूलाई कमिटीमा ल्याएको प्रदेशस्तरीय नेताहरूको आरोप छ। 'यसले पाटीलाई बलियो बनाउनुको सट्टा थप कमजोर बनाउन सक्छ ।' एक जना नेताले भने । पार्टीमा कुनै योगदान नै नभएकाहरूलाई सर्वसम्मतको नाम दिएर आफूखुसी गर्नुलाई कसरी मान्नु र ?

तर अधिवेशनका मुख्य निर्वाचन अधिकृत टिकाध्वज खड्काले पाटीको विधि र प्रक्रियाअनुसार नै अधिवेशन सम्पन्न भएको दावी गरेका छन् ।

'अब नेताहरु धेरै भएको पाटीमा त्यो खालको केही असन्तुष्टिहरू आउनु स्वभाविक पनि हो ।' निर्वाचन अधिकृत खड्काले भने । मनोनितको नाम बाहेक पाटीबाट सर्वसम्मत भएका सबैजनाको नाम टाँस गरिएको छ ।

अहिले ५ जना पदाधिकारी सहित २३५ जना सदस्यलाई सर्वसम्मत निर्वाचित गरेको एमाले मधेशले जनाएको छ । तर ५ जना पदाधिकारी बाहेक सदस्यहरूमा सर्वसम्मत नभएको नेताहरूको जिकिर छ ।

'बरु हामी निर्वाचन प्रणालीबाट गएको भए मान्थ्यौ तर नेताहरुका नजिक भएका आधारमा मूल्यांकन गर्नु त्यो गलत भयो' । पाटीका अर्का पूर्व मधेश प्रदेश कमिटी सदस्यले भने । 'पाटीका लागी नै रगत पसिना भिजाएका साथीहरूको लागी अन्याय भएको छ ।'

पुर्व उपाध्यक्ष रेवती पन्तले विधि र प्रक्रियाअनुसार नै अधिवेशन भएको बताउँदै केही त्रुटि भएको हुनसक्ने बताए । 'अब बिस्तारै असन्तुष्टि सेलाएर जान्छ अनि पाटी पुनः चलायमान हुनेछ ।' उनले विश्वास व्यक्त गरे ।

यता नवनिर्वाचित प्रदेश अध्यक्ष चण्डेश्वर मण्डलले भने एमालेभित्र देखिएको असन्तुष्टिलाई छिट्टै सावधान गर्ने बताएका छन् ।

अधिवेशनमा सदस्य नाम छान्ने क्रममा पनि प्रत्येक जिल्लाका प्रतिनिधिहरूसँग छुट्टाछुट्टै बैठक बसेर सर्वसम्मतमा नै टुंग्याएको बताउँदै अध्यक्ष मण्डलले छुटेका साथीहरुलाई १० प्रतिशतमा समेटने बताए ।

'विधानअनुसार १० प्रतिशत मनोनित गर्न पाउने व्यवस्था छ'। उनले भने । यसबाट पनि केही असन्तुष्टिहरू समाप्त हुनेछन् ।' उनले पाटीले अगाडि सारेको मिसन २०८४ अभियानमा विचलित नहुने र उद्देश्यप्राप्ति गरेर नै छाडने जिकिर गरे ।

यता रेवती पन्त पक्षधरहरू पार्टी कै कारण अख्तियारले अधिवेशनको अघिल्लो दिन मुद्दा दायर गरेको आरोप लगाएका छन् ।

पुर्व उपाध्यक्ष समेत रहेका पन्त अध्यक्षको दौडमा थिए। अख्तियारले झलनाथ खनाल स्वास्थ्य प्रतिष्ठानमा अनियमितता गरेको आरोपमा मुद्दा दायर गरेपछि अध्यक्षको दौडबाट उनी पछाडि हटेका हुन् । उनको मुद्दा दायरलाई पनि उनी पक्षधरहरूले आशंकाकै रुपमा हेरेका छन् ।

१० प्रतिशत मनोनित गर्ने व्यवस्थामा पाटीले सन्तुलन नबनाए थप असन्तुष्टिहरू सतहमा आउने आकलन गरिएको छ । तर थप असन्तुष्टिहरू आउन नदिने र नेता, कार्यकर्ताहरूको गुनासोमा आफू दृढ रहेको नवनिर्वाचित अध्यक्ष मण्डलले आश्वस्त बनाएका छन् । तर एमाले मधेसभित्र देखिएको असन्तुष्टिलाई नेताहरूले सम्बोधन गर्न नसके परिस्थिति आकलन गरेभन्दा फरक बन्न सक्ने खतरा बढेको छ ।


**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकवर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

प्रो. संजित श्रेष्ठ

**संजना अटो**

**(Yamaha Bike Show Room)**

क्षीरेश्वरनाथ नपा महेन्द्रनगर, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकवर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

प्रो. कुमार भण्डारी

**भण्डारी सप्लायर्स**

(होंग्सी सिमेन्टको आधिकारिक बिक्रेता)

बर्दिवास, महोत्तरी

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त नगरबासी, व्यपारी, उद्योगी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

दिपक साह

महासचिव

**क्षीरेश्वर उद्योग वाणिज्य संघ**

क्षीरेश्वरनाथ नपा महेन्द्रनगर, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

NABIL BANK

शाखा कार्यालय महेन्द्रनगर, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

गुहेश्वरी मर्चेण्ट बैंकिंग एण्ड फाइनान्स लि.

शाखा कार्यालय महेन्द्रनगर, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

Agricultural Development Bank Ltd.

कृषि विकास बैंक लिमिटेड

तपाई हाम्रो घरआँगनको बैंक

शाखा कार्यालय महेन्द्रनगर, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

Progressive Finance Limited

प्रोग्रेशिभ फाइनान्स लिमिटेड

शाखा कार्यालय महेन्द्रनगर, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

NIC ASIA

एन आई सी एशिया बैंक लि.

शाखा कार्यालय महेन्द्रनगर, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

Citizens Bank International Ltd.

सिटिजन्स बैंक इन्टरनेसनल लि.

YOUR PARTNER FOR PROGRESS

शाखा कार्यालय महेन्द्रनगर, धनुषा

# सद्भाव कायम राख्दै मौलिक चाडपर्व मनाउन गृहमन्त्री समिमको आग्रह



**खबर दर्पण समाचारदाता**

**कार्तिक १ गते, ढल्केवर**

मधेश सरकारका गृह तथा सञ्चार मन्त्री मोहम्मद समिमले आपसी सद्भाव कायम राख्दै मौलिक चाडपर्व विजयादशमी, दीपाली र छठ पर्व मनाउन आग्रह गरेका छन् ।

बुधबार धनुषाको ढल्केवरमा प्रदेश चार (ख) नेपाली कांग्रेस कार्यसमितिद्वारा आयोजित बडा दशैं, दीपावली तथा छठ पर्वको शुभकमना आदानप्रदान कार्यक्रममा उनले यस्तो आग्रह गरेका हुन् ।

सामाजिक एकता र आपसी सद्भावले नै देशको मौलिक चाडपर्वको संरक्षण सम्वर्द्धन हुने बताउँदै उनले भने, 'बडादशैं र आउँदै गरेको दीपाली तथा छठ पर्वको अवसरमा सम्पूर्ण नेपालीमा सुख, शान्ति, समृद्धि, दीर्घायु तथा उत्तरोत्तर प्रगतिका लागि शुभकमना व्यक्त गर्दछु । साथै सामाजिक एकता र आपसी सद्भाव कायमको शुभकमना दिन चाहन्छु ।'

कार्यक्रममा बोल्दै उनले यहीँ चार नम्बर क्षेत्रबाट प्रतिनिधि सभा सदस्यका लागि चुनाव लडेका नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि खुकुरी प्रहार गर्नेलाई कडा कारवाहीका लागि संघीय सरकार सँग मागसमेत गरे ।

एक अर्को प्रसङ्गमा मन्त्री समिमिले एकले अर्कोलाई हराउने परिपार्टीले धनुषामा नेपाली कांग्रेस कमजोर देखिएको बताउँदै महेन्द्र यादव पनि हराउनेको सिकार भएको र कांग्रेस एक ढिक्का भए धनुषाका चार वटै प्रतिनिधि र आठ वटै प्रदेश सभामा जित्न सकिने विचार व्यक्त गरे ।

कार्यक्रममा प्रदेश सभासदस्य कुवरकान्त झाले मिथिला नगर पालिकालगायत उत्तरी भेग तरकारी र उखु उत्पादनका लागि उर्वरभूमि भएको बताउँदै यस क्षेत्रमा सिँचाइ व्यवस्थापनका लागि मधेश सरकारका गृह तथा सञ्चार मन्त्रीलाई आग्रह गरे ।

क्षेत्रीय सभापति श्रीराम यादवको अध्यक्षतामा भएको शुभकमना आदानप्रदान कार्यक्रममा प्रदेश सभासदस्य शेषनारायण यादव, अन्जना पण्डित, मिथिला नगर पालिकाका मेयर महेन्द्र महतो, नेपाली कांग्रेसका मिथिला नगर पालिका सभापति जोगी महतोलगायत पार्टीका क्षेत्रीय र नगरका नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो ।


**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

प्रो. ईश्वरी अधिकारी एउड डिल्ली राज अधिकरी

**रामजानकी दालमोठ उद्योग**

*महेन्द्रनगर, धनुषा (परिवार)*

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

**नोबेल ग्यास उद्योग परिवार**

मिथिला नगरपालिका -२

बेलाचापी नक्टाभिज, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

**एभरेष्ट पेपर मिल्स**

क्षीरेश्वरनाथ नगरपालिका

महेन्द्रनगर, धनुषा (परिवार)

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

*प्रो. - हेमशंकर साह*

**शिवा आयरण स्टोर्स**

महेन्द्रनगर, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

**सत्य आयरण स्टोर्स/बि.के. ट्रेडिङ्ग कन्सर्न तथा पशुपती पेन्टस् बजार**

*महेन्द्रनगर, धनुषा*

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

*प्रो. - पुल्कित ठाकुर*

**पवन इन्जिनियरिङ्ग वर्क शोप**

*महेन्द्रनगर, धनुषा (परिवार)*

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

**जानकी केबुल इन्डस्ट्री**

*महेन्द्रनगर, धनुषा (परिवार)*

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

प्रो. ललित साह

**न्यू शिव स्टोर्स एण्ड क्षीरेश्वर आयल स्टोर्स**

*महेन्द्रनगर, धनुषा*

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

**कसमस सिमेन्ट उद्योग**

**(तेज सिमेन्ट)**

*मिनपा-२, नक्टाभिज- बेलाचापी, धनुषा (परिवार)*

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

**क्षीरेश्वर कृषक बचत तथा ऋण सहकारी संस्था लि.**

*राम एण्ड सन्स मनि ट्रान्सफर*

*महेन्द्रनगर , धनुषा (परिवार)*

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा समस्त नगरवासी, इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*इन्चार्ज- प्र.नी. दिपक कार्की*

**इलाका प्रहरी कार्यालय**

*महेन्द्रनगर, धनुषा (परिवार)*

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा सम्पूर्ण इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शसस्त्र प्रहरी बेस क्याम्प**

*नक्टाभिज, धनुषा (परिवार)*

# गौशलाबाट लुटपाटमा संलग्न आरोपमा एक युवक पक्राउ

**खबर दर्पण समाचारदाता**

**कार्तिक १ गते, महोत्तरी**

गौशलाबाट लुटपाटमा संलग्न आरोपमा एक युवकलाई पक्राउ गरिएको छ।

पक्राउ पर्नेमा सर्लाही जिल्ला मलगवा नगरपालिका ५ मा डेरा लिई वस्दै आएको २९ बर्षिय रमेश सहनी रहेको इलाका प्रहरी कार्यालय गौशलाले जनाएको छ।

सहनीले एक महिलासंग असोज ७ गतेका दिन गौशालावजार बाट ६ लाख ३६ हजार रुपैयाँ लुटपाट गरेर फरार भएका थिए ।

ईलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज कुमार यादवका अनुसार सहनीले गौशाला नगरपालिका ११ भरतपुरखोरका सुर्जकला देवी महतोको साथबाट सो रकम लुटेर फरार भएका थिए । सहनीलाई गौशाला नगर पालिका ७ को सिमामा पर्ने वाँके खोलाबाट पक्राउ गरिएको हो ।

ओखलढुगाबाट शम्भु महतोले पठाएको सो रकम गौशालास्थित एनआईसी एसिया वैकबाट निकालिएर घरतर्फ जाने क्रममा सहनीले रकम लुटेको प्रहरी निरीक्षक यादवले जानकारी दिए ।

अल्फावेटिकल खुल्न नसकेको ७०५९ नम्बरको मोटर साईकलमा रकम खोसी भागेको दृश्य सिसिटीभीमा कैद भएको र सो क्रममा अनुसन्धान गर्दा उनलाई पक्राउ गर्न सफल भएको यादवले बताए । प्रहरी नियन्त्रणमा रहेको सहनी उपर थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ ।

# विभिन्न बाधा व्यवधानका बीच विकासका कार्य अगाडि बढेको छ : मिनपाका मेयर महतो



**खबर दर्पण समाचारदाता**

**कार्तिक १ गते, ढल्केवर**

धनुषास्थित मिथिला नगर पालिकाका मेयर महेन्द्र महतोले विभिन्न बाधा व्यवधानका बाबजुद नगरमा विकास निरन्तरण भइरहेको दाबी गरेका छन् । उनले नगर पालिकाबाट हुने नियमित विकासका कार्य बाहेक स्नातक तहसम्मको क्याम्पस र सुविधा सम्पन्न अस्पताल निर्माणका कार्य अगाडि बढेको बताएका छन् ।

बुधबार धनुषाको ढल्केवरमा प्रदेश चार (ख) नेपाली कांग्रेस कार्यसमितिद्वारा आयोजित बडादशैं, दीपावली तथा छठ पर्वको शुभकमना आदानप्रदान कार्यक्रममा बोल्दै उनले क्याम्पस र अस्पताल निर्माणको प्रक्रिया अगाडि बढेको बताए । उनले भने, कार्यपालिकामा मेरो समर्थनमा उपस्थिति जनाउने सदस्य संख्या निकै कम छ । विपक्षी दलबाट निर्वाचित सदस्यले सकारात्मक कामलाई पनि नकारात्म देख्छन् । राम्रो गर्न खोज्दा पनि अवरोध र विरोध गर्छ । तर, मेरो खुट्टा डगमगाएको छैन् । जुन वाचा गरेर मिथिला नगरपालिकाको नेतृत्व तहमा आएको छु त्यो पुरा गर्न प्रयत्नशील छु । उनले गठनबन्धनबाट निर्वाचित सदस्यले पनि खासै सहयोग नगरेको दुखेसो पोखे ।

कार्यक्रममा मधेश सरकारका गृह तथा सञ्चार मन्त्री मोहम्मद समिमले आपसी सद्भाव कायम राख्दै मौलिक चाडपर्व विजयादशमी, दीपाली र छठ पर्व मनाउन आग्रह गरे । सामाजिक एकता र आपसी सद्भावले नै देशको मौलिक चाडपर्वको संरक्षण सम्वर्द्धन हुने बताउँदै उनले भने, 'बडादशैं र आउँदै गरेको दीपाली तथा छठ पर्वको अवसरमा सम्पूर्ण नेपालीमा सुख, शान्ति, समृद्धि, दीर्घायु तथा उत्तरोत्तर प्रगतिका लागि शुभकमना व्यक्त गर्दछु । साथै सामाजिक एकता र आपसी सद्भाव कायमको शुभकमना दिन चाहन्छु ।'

कार्यक्रममा बोल्दै उनले यहीं चार नम्बर क्षेत्रबाट प्रतिनिधि सभा सदस्यका लागि चुनाव लडेका नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि खुकुरी प्रहार गर्नेलाई कडा कार वाहीका लागि संघीय सरकार सँग मागसमेत गरे ।

प्रदेश सभासदस्य कुवरकान्त झाले मिथिला नगर पालिकालगायत उत्तरी भेग तर कारी र उखु उत्पादनका लागि उर्वरभूमि भएको बताउँदै यस क्षेत्रमा सिँचाइ व्यवस्थापनका लागि मधेश सरकारका गृह तथा सञ्चार मन्त्रीलाई आग्रह गरे ।


वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

Prabhu Bank

शाखा कार्यालय महेन्द्रनगर, धनुषा

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

शाखा कार्यालय महेन्द्रनगर, धनुषा

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.

शाखा कार्यालय महेन्द्रनगर, धनुषा

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

एभरेष्ट बैंक लि.
एभरेष्ट बैंक
EVEREST BANK

शाखा कार्यालय महेन्द्रनगर, धनुषा

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

लक्ष्मी बैंक

शाखा कार्यालय महेन्द्रनगर, धनुषा

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय महेन्द्रनगर, धनुषा

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड

शाखा कार्यालय महेन्द्रनगर, धनुषा

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

Siddhartha Bank
सिद्धार्थ बैंक

शाखा कार्यालय महेन्द्रनगर, धनुषा

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त बचतकर्ता, शेयरधनी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

कुमारी बैंक लि.
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय महेन्द्रनगर, धनुषा


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा